नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

## निरीक्षण अनुगमन गरी कारवाही गरीएको विवरण

यस विभाग र काठमाडौं महानगरपालिकामा आएको उजुरी गुनासो व्यवस्थापनको लागि आकस्मिक (-यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा उजुरी गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३।०३।२५ मा विभाग र काठमाडौं महानगरपालिका सहितको बजार अनुगमन टोलीले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम अनुगमन निरीक्षण गरी तालिकामा उल्लेख गरिए अनुसारको आवश्यक कारबाही गरिएको व्यहोरा जानकारीका लागी यो विवरण जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | कारबाही/कैफियत |
|---|---|---|---|
| १. | लुम्बिनी हस्पिटालिटी<br>काठमाडौं-१७,<br>क्षेत्रपाटी<br>(कन्या मन्दिर विद्यालयमा संचालित) | • स्थलगत अनुगमन निरीक्षण गर्दा सरसफाइको अवस्था सामान्य रहेको<br>• कृत्रिम खाद्य रंगको प्रयोग गरेको पाइएको<br>• समोसालाई मसीजन्य पत्रिकामा राखेर भण्डारण गरेको पाइयो<br>• तेलको TPM value १२ भई मापदण्ड अनुकूल पाइएको<br>• भान्सामा फोहोरदानी नछोपी खुल्ला रुपमा राखिएको<br>• व्यक्तिगत सरसफाइ पर्याप्त नरहेको Exhaust Fan को सरसफाइको अवस्था संतोषजनक नरहेको। | • नियमित सरसफाइ गर्ने र तयारी खाद्य पदार्थलाई छोपेर उचित तापक्रममा भण्डारण गर्ने<br>• जथाभावी रुपमा प्रयोग भएको कृत्रिम खाद्य रंग तीन (३) बट्टा र पत्रिकामा भण्डारण गरेको तेईस (२३) वटा समोसा जफत गरी नष्ट गरियो<br>• देखिएका कैफियत सुधार गरी तीन (३) दिन भित्र काठमाडौं महानगरपालिकामा स्पष्टीकरण सहित उपस्थित हुने निर्देशन दिइएको। |
| २. | लाभेरा पिजा<br>काठमाडौं-२६<br>ठमेल | • सरसफाइको अवस्था सामान्य रहेको<br>• कीट नियन्त्रणको लागि व्यवस्था नरहेको<br>• भान्सामा फोहोरदानी नछोपी खुल्ला रुपमा राखिएको<br>• फ्रिजमा भण्डारण गरेको बटर र चिजमा लेबल विवरण नभएको<br>• उपभोग्य मिति समाप्त भएको दुई (२) बोतल Extra virgin olive oil (२×२ लिटर) र एक (१) बोतल Creamooz | • उपभोग्य मिति समाप्त भएको दुई (२) बोतल Extra virgin olive oil (२“२ लिटर) र एक (१) बोतल Creamooz strawberry topping (१“१.३ के जी) नष्ट गरियो<br>• कीट नियन्त्रणको लागि व्यबस्था मिलाउने र फोहोरदानीलाई छोपेर राख्ने<br>• लेबल भएको खाद्य पदार्थ मात्र प्रयोग गर्न |

| | | | |
|---|---|---|---|
| | | strawberry topping (१×१.३ के. जी.) फेला परेको। | • Expiry zone को व्यवस्था मिलाउने<br>• FIFO (First In First Out) system लागू गर्न निर्देशन दिइएको। |
| **अनुगमन गरिएको व्यवसायको कुल संख्याः दुई (२)** | | | |

डा. बाल कुमारी शर्मा
वरिष्ठ खाद्य अनुसन्धान अधिकृत
मिति २०८३/०३/२६

**<u>अनुगमनका केही झलकहरू</u>**




